स्थानीय राजपत्र

खण्डः ५ संख्या २० मिति २०७९/११/२८

# गौरादह नगर
# स्वास्थ्य तथा सरसफाई
# नियमावली, २०७९

# गौरादह नगर स्वास्थ्य तथा सरसफाई नियमावली, २०७९

**प्रस्तावनाः-**

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सञ्चालन गर्न, नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको व्यवस्थापन गर्न तथा स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने स्वास्थ्य संस्थाहरूको सञ्चालन अनुमति प्रक्रिया, गुणस्तर मापदण्ड अनुगमन, नियमन, व्यवस्थापन संयन्त्र, सेवा विस्तार, स्तरवृद्धि जस्ता प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाई नगरपालिकामा स्वास्थ्य सेवालाई थप व्यवस्थित, जनमुखी र गुणस्तरीय बनाउन वाञ्छनीय भएकाले नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी, गौरादह नगरपालिकालेको नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो नियमावलीको नाम "गौरादह नगर स्वास्थ्य तथा सरसफाई नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "संघीय जनस्वास्थ्य ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले गौरादह नगरपालिकाको "स्वास्थ्य तथा सरसफाइ ऐन २०७६" लाई सम्झनु पर्छ ।

ग) "निर्देशिका" वा "कार्यविधि" वा मापदणड भन्नाले यस नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि वा मापदण्ड लसई सम्झनु पर्छ ।

घ) "नगरपालिका" भन्नाले गौरादह नगरपालिका सम्झनु पर्छ ।

ङ) "नगरपालिका क्षेत्र" भन्नाले गौरादह नगरपालिकाको भू-भाग सम्झनु पर्छ।

च) "कार्यपालिका" भन्नाले गौरादह नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

छ) "प्रमुख" भन्नाले नगरपालिका नगर प्रमुख सम्झनु पर्छ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गौरादह नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

झ) "लेखा प्रमुख" भन्नाले  गौरादह नगरपालिकाको लेखा प्रमुखलाई सम्झनु पर्छ ।
ञ) "अनुगमन समिति" भन्नाले गौरादह स्वास्थ्य तथा सरसफाई  ऐन, २०७५ को दफा ११ बमोजिम यस नियमावलीको नियम ५१ मा व्यवस्था भएको अनुगमन समितिलाई सम्झनु पर्छ ।
ट) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवाप्रदान गर्न सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।
ठ) "व्यवस्थापन समिति" भन्नाले स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ को दफा ७ को उपदफा (१) र (२) बमोजिम गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।
ड) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजत पत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारीको रुपमा संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।
ढ) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाइ सम्बन्धी शाखा सम्झनु पर्छ ।

## परिच्छेद-२
## आधारभूत र आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन

३. आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुनेः- (१) जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम जनस्वास्थ्य सेवा नियमावली, २०७७ मा सूचीकृत सेवा आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क उपलव्ध हुनेछन्।
(२) उपनियम (१) को प्रयोजनका लागि आधारभूत स्वास्थ्य सेवाहरु नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थामार्फत उपलव्ध गराउनेछ ।
(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय आवश्यकता, औचित्य र स्रोतको उपलव्धताका आधारमा ऐनको दफा ३ को उपदफा (३) बमोजिम कार्यपालिकाले आधारभूत स्वास्थ्य सेवाहरूको सूची थप गरी निःशुल्क उपलब्ध गराउन सक्नेछ ।
(४) उप नियम (३) बमोजिम थप गरिएका आधारभूत स्वास्थ्य सेवाका लागि नगरपालिकाले थप स्रोतको व्यवस्थापन गर्नेछ ।

(५) उप नियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र पर्ने संघीय र  प्रदेश सरकार मातहतमा संचालित कुनै स्वास्थ्य संस्था मार्फत वा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थावाट संचालित स्वास्थ्य संस्थासँग सम्झौता गरी आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराउन सक्नेछ ।

(६) नगरपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी नागरिक बडा पत्रमा सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ ।

४. आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेः- (१) स्वास्थ्य संस्थाले ऐनको दफा, २९ बमोजिम प्रदान गर्नु पर्ने आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) नगरपालिका भित्रका निजी, गैर सरकारी तथा नगर अस्पताल वा प्राथमिक अस्पतालहरुले आफुले प्रदान गर्ने सेवाको सम्वन्धमा चौबिसै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ ।

(ख) नगरपालिका भित्र रहेका अन्य स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संभव हुने उपचार तत्कालै गर्नु पर्नेछ ।

(ग) नगरपालिका भित्रका निजी, गैर सरकारी तथा नगर अस्पताल वा प्राथमिक अस्पतालहरुले प्रचलित कानून बमोजिम आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवाको लागि आएका विरामीहरुलाई आवश्यक पर्ने सबै आकस्मिक सेवा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध नभएमा उपलब्ध भएसम्मको आकस्मिक स्वास्थ्य सेवा तत्काल प्रदान गरी थप उपचारका लागि कारण खोली स्वास्थ्य संस्थामा तत्काल प्रेषण गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आकस्मिक सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नु पर्नेछ ।

(३) आकस्मिक सेवा प्रदान गर्ने नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले आफुले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकको आकस्मिक

उपचारको खर्चको ब्यवस्थापन स्वास्थ्य वीमा भएकोमा सोही वीमावाट र वीमा नभएमा विरामी ल्याउने नजिकको नातेदार वा संरक्षकले व्यहोर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम आकस्मिक सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई तत्काल उपचार शुरु गर्नु पर्नेछ। उपचार शुरु गरेपछि त्यस्तो सेवा प्राप्त गर्दा पूरा प्रक्रिया अबलम्बन गर्न लगाउनु पर्नेछ ।

(५) नगरपालिकाभित्र संचालित आकस्मिक सेवा प्रदान गर्ने अस्पतालले अटुट रुपमा आवश्यक पानी, बिजुली, संचार, यातायात, कर्मचारी आवास, आकस्मिक फार्मेसी, आकस्मिक मर्मत सम्भार, आकस्मिक निदान सेवा, अक्सिजन, सुरक्षा प्रावधान आदिको विशेष ब्यवस्था गर्नु पर्नेछ ।

(६) एकै पटक धेरै आकस्मिक सेवाग्राहीहरु उपचारका क्रममा आएको अवस्थामा सेवाग्राहीको जोखिमको प्राथमिकीकरण गरी सेवाप्रदान गर्नु पर्नेछ।

(७) अतिविपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई आधारभूत र आकस्मिक सेवाबाट बन्चित गरिने छैन।त्यस्ता सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि गौरादह क्षेत्रका अस्पतालहरुले दश प्रतिशत वेड तथा विपन्न, वेवारीसे, तत्काल संरक्षक वा अविभावक नभएका लाई निःशुल्क उपचार गर्नु पर्नेछ।साथै मासिक दश प्रतिशत भन्दा बढी लाई उपचार सेवा दिनुपरेमा नगरपालिका बाट उपचारका लागि भर्ना गरिनेछ ।

(८) विपन्न नागरिकक्को स्वास्थ्य उपचार सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि निर्माण गरी नगरपालिकाको स्वास्थ्य शाखाबाट कार्यान्वयन गर्न सक्नेछ ।

५. स्वास्थ्यकर्मी तथा कर्मचारीलाई थप सुविधाः- स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य संस्थाले आफु मातहत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई देहायको थप सुविधा प्रदान गर्न सक्नेछः-

(क) नियमित कार्यालय समय बाहेक काम गरे वापत स्वास्थ्य संस्था व्यवस्थापन समितिले कार्यविधि बमोजिम थप सुविधा र कार्यवोझ तथा कार्य प्रकृतिका आधारमा प्रोत्साहन सुविधा समेत उपलब्ध गराउन सक्नेछ ।

(ख) अतिरिक्त समयकाम गर्नु पर्दा अधिकार प्राप्त अधिकारीले खटाएको हुनु पर्नेछ।

(ग) स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकन, तालिम तथा वृत्ति विकासको अवसर प्रदान गर्दा प्राथमिकताका साथ विशेष ग्राह्यता प्रदान गर्ने र क्षमता अभिवृद्धिको व्यवस्था स्वास्थ्य संस्थाले मिलाउनु पर्नेछ ।

६. प्रेषण सेवाः- (१) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवाप्रदान गरी थप सेवाका लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने स्वास्थ्य संस्थासँग समन्वय गरी प्रेषण गर्नुपर्नेछ ।

तर आफ्नो संस्थामा उपयुक्त सेवा र जनशक्ति हुँदाहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित स्वास्थ्य संस्थाले प्रेषण गर्ने संस्थाको पूर्व पहिचान गरी सो को अध्यावधिक सूची राख्नु पर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जा सहित डिस्चार्ज गरी सो को विवरण अध्यावधिक रुपमा राख्नु पर्नेछ ।

(५) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायत खर्च सम्वन्धी व्यवस्था जिल्ला प्रशासन कार्यालय, झापा को एम्बुलेन्स संचालन समितीले तोके बमोजिम हुनेछ ।

(६) प्रेषण गर्दा प्रेषित गर्ने स्वास्थ्य संस्थाले उपलव्ध गराउने न्युनतम उपकरण र सेवा सुविधाहरू प्रचलित प्रेषण मापदण्ड बमोजिम हुनेछ ।

७. इच्छाईएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिनेः- (१) नियम ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि सुरु अस्पतालमा उपलब्ध नभएको सेवाका लागि प्रेषण गर्नुपर्ने अवस्था भएमा सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन ।

(२) प्रेषण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

८. जानकारी दिनु पर्नेः- (१) सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनुपर्नेछ

(क) आफ्नो स्वास्थ्य र उपचारको अवस्था सम्बन्धमा,

(ख) रोगको निदान र उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिमाण सम्बन्धमा,

(घ) सेवाग्रहीले स्वास्थय सेवा अस्वीकार गर्न सक्ने र सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिमाण, जोखिम र दायीत्व सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव नभएसम्म निजले बुझ्ने भाषामा उपलब्ध गराउनु पर्नेछ ।
(३) अस्पतालमा उपचार गर्न आएका विरामीलाई देहायको अवस्थामा निजलाई जानकारी दिन नसकिने भएमा निजको नजिकको नातेदार वा विरामी लिई आउने व्यक्तिलाई विरामीको अवस्थाको बारेमा जानकारी दिनुपर्नेछः-
क) अचेत वा अर्ध चेतमा भएको अवस्था,
ख) मानसिक सन्तुलन गुमेको अवस्था,
ग) बोल्न, सुन्न वा देख्न नसक्ने अवस्था र
घ) अनुमति दिएको अवस्थामा ।
(४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि आकस्मिक अवस्था भै तत्काल उपचार सेवा प्रदान गर्नु परेमा (जीवन रखषको लागि उपचार) Life Saving Treatment प्रदान गर्नका लागि विरामी वा उसको नजिकको व्यक्तिलाई सेवा दिनु पूर्व जानकारी प्रदान गर्न नसकिने अवस्था भएमा पूर्व जानकारी दिन बाध्य हुनेछैन ।
९. डिस्चार्ज सारांशः- (१) आफ्नो स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराएको बिरामीलाई डिस्चार्ज सारांश सामान्यतया अनुसूची-१ को ढांचामा दिनु पर्नेछ।
९२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको विवरणहरु उल्लेख गरी स्वास्थ्य संस्था आफैले फरक ढांचामा डिस्चार्ज सारांश वनाउन वाधा पर्ने छैनः-
क) विरामीको परिचय पत्र नम्वर
ख) मुख्य समस्याहरु
ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टको सारांश
घ) तत्काल गरिएको परीक्षणको सारांश
ङ) उपचारको क्रममा भेटिएका तथ्यहरु
च) उपचारमा अपनाईएको प्रक्रिया
छ) उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि
ज) गरिएको उपचारको विवरण
झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया तथा अवधि,
ञ) पुनःआउनु पर्ने वा नपर्ने कुराको जानकारी ( AMA) Against Medical Advice

ट) निदानात्मक (डायग्नोष्टिक) जाँचहरूको रिपोर्टको सारांश, (DAMA) Discharge against Medical Advice.
ठ) (LAMA) Leaving Against Medicak Advice
ठ) अन्य आवश्यक कुराहरु
१०. विशेषज्ञ सेवा सम्बन्धी व्यवस्थाः- (१) नगरपालिकाले संचालन गरेका अस्पतालमा विशेषज्ञ सेवा उपलव्ध गराउन संघीय र प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकाले आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गर्नेछ ।
(२) नगरपालिकाले संघ तथा प्रदेश सरकार र अन्य संघ संस्था तथा अस्पतालहरूसँगको समन्वय र साझेदारीमा नियमित विशेषज्ञ सेवा तथा विशेषज्ञ घुम्ती शिविर संचालन गर्न सक्नेछ ।

## परिच्छेद-३
## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन

११. व्यवस्थापन समितिको गठन र पदाधिकारीहरुको पदावधिः- ऐनको दफा ७ बमोजिम नगरपालिका अन्तर्गत स्थापना र संचालन भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन भएको मितिले पाँच वर्षको हुनेछ तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको निर्वाचन भएमा पदावधि समाप्त हुनेछ ।
१२. पदावधि रिक्त हुनेः निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ ।
(क) मृत्यु भएमा ,
(ख) राजिनामा दिएमा ,
(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा
(घ) फौजदारी अभियोग दर्ता भएमा,
(ङ) पदावधि समाप्त भएमा,
(च) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।
१३. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः- (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,
(क) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवाप्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(ख) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने तथा अल्पसंख्यक, आदिवासी, जनजाति, ज्येष्ठ नागरिक, विपन्नवर्ग, पिछडा वर्ग, अपाँगता भएका बालबालिका, किशोर किशोरी, महिला समूह र दुर्गम क्षेत्रलाई समेत मध्यनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गर्ने ।

(ग) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालनका लागि आवश्यक स्रोत, साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(घ) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा न्यूनतम सेवा, गुणस्तर, मापदण्ड (Minimam Service Standard of Helth Facilities) HF MSS अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम, सुरक्षित मातृशिशु सेवा कार्यक्रम लगायतका राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(छ) अतिविपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवाप्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने।

(ज) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवं बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(झ) कर्मचारीहरूबाट उत्कृष्ट कार्य सम्पादनको व्यवस्था मिलाउन प्रशासनिक नेतृत्वलाई आवश्यक निर्देशन दिने।

(ञ) कर्मचारीको कार्य विवरण तयार गर्ने, अभिमुखीकरण, तालिम र तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकीन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने ।

(ठ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको उपलव्धता सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने, स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ड) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको मासिकङ चौमासीक, अर्ध बार्षीक, बार्षिक रुपमा अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य संस्थाको वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेस गर्ने ।
(ण) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य का कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।
(त) नगरपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी नगरपालिकामा पठाउने ।
(थ) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।
(२) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।
१४. व्यवस्थापन समितिको बैठकः- (१) ब्यवस्थापन समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।
(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।
(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ र कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् तर आमन्त्रित सदस्यले मतदानमा भाग लिनपाउने छैनन् ।
(४) व्यावस्थापन समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ
(५) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।
(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।
१५. स्वास्थ्य संस्था व्यवस्थापन कोषः- (१) स्वास्थ्य संस्था व्यवस्थापनका लागि एक कोष रहने छ र सो कोषमा देहायका रकम रहनेछः-
(क) नगरपालिकाबाट प्राप्त रकम \ अनुदान।
(ख) स्वास्थ्य संस्थाको आम्दानी ।
(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम \ अनुदान।

(घ) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट संकलित चन्दा सहयोग वापत प्राप्त रकम ।

(च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) कोष संचालनका लागि व्यवस्थापन समितिले नगर कार्यपालिकाको स्वीकृतिमा कार्यविधि बनाई संचालन गर्न सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) गौरादह नगर अस्पताल र अन्य स्वास्थ्य संस्थामा आवश्यकता अनुसार कार्यविधि निर्माण गरी अक्षय कोष स्थापना गर्न सकिनेछ ।

(५) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोषमा आम्दानी बाध्नु पर्नेछ।

(६) स्वास्थ्य संस्था व्यवस्थापन समितिको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१६. खाता सञ्चालनः- स्वास्थ्य संस्था व्यवस्थापन समितिको खाता संचालन स्वास्थ्य संस्था प्रमुख र लेखा हेर्न तोकिएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

१७. लेखा र लेखा परीक्षणः- (१) स्वास्थ्य संस्थाको आयव्यय दुरुस्त राख्ने र प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउने जिम्मेवारी स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको आय ब्ययको लेखा नेपाल सरकारले तोकेको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता खाता संचालकको हुनेछ ।

(५) स्वास्थय संस्थाको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक

लेखापरिक्षणका सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(६) स्वास्थ्य संस्थालाइ आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

(७) व्यवस्थापन समितिले प्रचलित कानून बमोजिमको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(८) आन्तरिक लेखा परीक्षण नगरपालिकाले तोकेको लेखा परीक्षकले गर्नेछ ।

(९) अन्तिम लेखा परीक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१८. अन्य स्वास्थ्य संस्थाहरुको कोषः- (१) गौरादह नगर अस्पताल बाहेक गौरादह नगरपालिकाको मातहतमा रहेकाका अन्य स्वास्थ्य संस्थाहरुमा समेत आवश्यकता अनुसार कोष स्थापना गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको कोष स्थापना र संचालनका लागि गौरादह नगर कार्यपालिकाले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१९. बैठक भत्ताः- स्वास्थ्य संस्था व्यवस्थापन समितिको नियमित मासिक बैठकको भत्ता स्वास्थ्य संस्थाले नियमानुसार आर्जन गरेको आम्दानीको अवस्था लाई हेरी नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

२०. निर्देशन पालना गर्नुपर्ने ःकार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः- स्वीकृत बार्षिक कार्यक्रम बाहेक नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्ने कार्य गर्न पाईने छैन ।

२२. अधिकार प्रत्यायोजनः- समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-४
## जनशक्ति व्यवस्थापन

२३. पदको किसिमः- (१) नगरपालिकामा स्वास्थ्य सेवाका दरवन्दीहरू स्थानीय सेवा ऐन बमोजिम हुनेछन् ।

(२) स्थानीय सेवा ऐन नबनेसम्म नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीको पद देहायअनुसार रहनेछन्-

(क) अधिकृत स्तरका पद

(ख) सहायक स्तरका पद

(३) उपनियम (२) मा उल्लेख भएका पदहरूको तह देहाय बमोजिम हुनेछ ः-

(क) अधिकृत स्तर

(१) अधिकृत स्तर छैठौं तह

(२) अधिकृत स्तर सातौं तह

(३) अधिकृत स्तर आठौं तह

(४) अधिकृत स्तर नवौं तह

(ख) सहायक स्तर

(१) सहायक स्तर चौथो तह

(२) सहायक स्तर पाँचौं तह

(ग) श्रेणी विहिन

(१) पहिलो तह

(२) दोस्रो तह

(३) तेस्रो तह

(४) चौथो तह

(५) पाँचौं तह

(४) यो नियमावली प्रारम्भ हुँदाका बखत नगरपालिकामा कायम रहेका पदहरू यसै नियमावली बमोजिम रहेको मानी सोही बमोजिम तह मिलान गरिनेछ ।

२४. पदपूर्तिः- (१) नगरपालिका अन्तर्गतका नगर अस्पताल बाहेक स्वास्थ्य सेवाका कर्मचारीहरु स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गरिनेछ ।

(२) गौरादह नगर अस्पतालको हक मा संचालन भएको पाँच बर्ष सम्म नगरपालिकाले करार बाट र भएकै जनशक्ति बाट व्यवस्थापन गर्न सक्नेछ ।

२५.सरुवा गर्न सक्नेः- (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई नियम २३ को उपनियम (३) को अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२६. काम काजमा खटाउन सकिनेः- (१) नगरपालिका भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफु मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ।

(२) उपनियम(१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२७. कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्थाः- (१) नगरपालिका भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्ति हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ।

२८. संगठन संरचना र दरबन्दीः- (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तथा दरबन्दी सृजना वा हेरफेर गर्दा कर्मचारीका लागि चाहिने तलब, भत्ता, सञ्चय कोष, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधिउपचार सम्बन्धी, विदा जस्ता सेवा सुविधाका लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(२) यस नियमावली बमोजिम नगरपालिका भित्रको कुनै स्वास्थ्य संस्थाको संगठनको स्वरूप तयार गर्ने वा संगठन संरचनामा हेरफेर गरी स्थायी पद सृजना वा खारेज गर्ने निर्णय भएपछि पन्ध्र दिनभित्र त्यस्तो निर्णयको प्रतिलिपि नगरपालिका कर्मचारी अभिलेख पुस्तिकामा अभिलेख राखी एक महिना भित्र प्रचलित कानून बमोजिमको प्रदेश वा राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ ।

२९. विशेष पदको सृजनाः- (१) देहायको अवस्थामा विशेष पदको सृजना गर्न सकिनेछ ः

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिनाभन्दा लामो अवधिको तालिममा खटिएमा,
(ख) कुनै कर्मचारीले ३ महिनाभन्दा बढी बिदा लिई बसेमा,
(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवाप्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ ।
(३) उपनियम (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतःखारेज भई कर्मचारी स्वतःअवकाश हुनेछ ।
(४) यस नियम बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ ।
३०. पद दर्ता गर्ने:- नगरपालिकाले नियम २३ बमोजिम सृजना भएका सेवाका पदको सेवा, समूह वा उपसमूह समेत खुल्ने गरी पद सृजना गर्ने निर्णय भएको मितिले एक महिनाभित्र अनिवार्य रूपमा नगरपालिकाको कर्मचारी अभिलेख पुस्तिकामा कार्य विवरण सहितको अभिलेख राखी प्रचलित कानून बमोजिमका प्रदेश वा राष्ट्रिय किताबखानामा पद दर्ताको लागि पठाउनु पर्नेछ।
३१. कार्य विवरण:- नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवाको पदको कार्य विवरण नगरपालिकाले तयार गरी लागू गर्नेछ ।
३२. कर्मचारीको अभिलेख:- नगरपालिका अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीको व्यक्तिगत विवरण तथा अन्य अभिलेख नगरपालिकामा अद्यावधिक गरी राख्नु पर्नेछ।
३३.पद सृजना नभई कर्मचारी नियुक्त गर्न नहुने:- (१) कुनै पनि स्वास्थ्य संस्थामा पद रिक्त नभई वा पद सृजना नभई कर्मचारी नियुक्त गर्नु हुदैन ।
(२) उपनियम (१) विपरित कुनै कर्मचारीलाई नियुक्ति गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।
३४. करार गर्न सकिने:- (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था चिकित्सक वा स्वास्थ्यकर्मीको पद स्थायी पदपूर्ति नभएसम्म संघीय सरकारबाट तोकिएको मापदण्ड र व्यवस्था अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लगाउन सकिनेछ ।

(२) स्वास्थ्य संस्थामा कार्यवोझका आधारमा मौजुदा जनशक्तिबाट कार्यसम्पादन गर्न कठिनाई भएको अवस्थामा प्रचलित कानून बमोजिम सेवा करार गरी समितिले जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।
(३) उपनियम २ बमोजिम सेवा करार गर्दा सम्पादन गर्नुपर्ने कामको स्पष्ट प्रतिवेदन, सो कार्य गर्न आवश्यक जनशक्तिको विवरण र स्वास्थ्य संस्थाको आम्दानीको अवस्थाको कार्यवोझको विश्लेषण गरी समितिले स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।
(४) उपनियम (२) र (३) बमोजिम जनशक्ति व्यवस्थापन गर्दा नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरी गर्नुपर्नेछ ।
(५) सेवा करारमा वा करार सेवामा काममा लगाउँदा अपनाउने कार्यबिधि योग्यता प्रणाली तथा खुला प्रतिस्पर्धात्मक पद्धति प्रचलित कानून बमोजिम हुनेछ ।
३५. अभ्यासकर्तालाई काममा लगाँउन सकिनेः नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा अभ्यासकर्तालाई काममा लगाउँदा अपनाउने कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।
३६. स्थानीय स्वास्थ्य कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविकालाई काममा लगाउँन सकिनेः- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा स्थानीय स्वास्थ्य कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविकालाई काममा लगाउँदा अपनाउने कार्यविधि नगरपालिकाले तोके बमोजिमहुनेछ ।
३७. कार्यसम्पादन सम्झौता गर्नेः- (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले हरेक आर्थिक वर्षका लागि कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।
(२) उपनियम (१) बमोजिम गरिने कार्यसम्पादन सम्झौतामा उल्लेख गर्नुपर्ने विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५
## स्वास्थ्य सेवा संचालन अनुमति तथा नवीकरण प्रक्रिया

३८. स्वास्थ्य सेवा सञ्चालन गर्न नगरपालिकाबाट इजाजतपत्र लिनुपर्नेः- (१) नगरपालिका क्षेत्रभित्रका देहायका स्वास्थ्य संस्थाहरूको स्थापना, सेवा विस्तार वा

स्तरोन्नति गर्न अनुगमन समितिको सिफारिसका आधारमा नगरपालिकाले इजाजत अनुमति दिन सक्नेछः-

(क) स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु,

(ख) फिजियोथेरापी केन्द्र, पुनसर्थापना केन्द्र (मनोसामाजिक) प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु

(ग) जेरियाट्रिक परामर्श केन्द्र

(घ) "डि" र "इ" वर्गको प्रयोगशाला

(ङ) १५ शैया सम्मको अस्पताल

(२) नगरपालिका क्षेत्रभित्र स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि उप नियम (१) देखि बाहेकका अन्य अस्पतालहरु, विशेषज्ञ अस्पताल तथा संघ र प्रदेशबाट इजाजतपत्र लिने स्वास्थ्य संस्था र स्वास्थ्यसँग सम्बन्धित शिक्षण संस्थाको हकमा इजाजातपत्र लिनुपूर्व वा नवीकरण पूर्व नगरपालिकाको सिफारिस लिनुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम नगरपालिकाबाट इजाजत प्राप्त गरेका वा दर्ता भएका स्वास्थ्य संस्थाहरूको विवरण प्रदेश सरकारमा अद्यावधिक गराउनु पर्नेछ ।

(४) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३९. इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न नहुनेः- (१) यो नियमावली प्रारम्भ भएपछि कसैले पनि नगरपालिकाबाट इजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडिदेखि संचालन भै रहेका स्वास्थ्य संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र नगरपालिकामा इजाजत प्राप्त गर्न निवेदन दिनु पर्नेछ ।

(३) उप नियम (२) वमोजिम संचालन इजाजतको निवेदन दिने स्वास्थ्य संस्थाले ऐन तथा यस नियमावली बमोजिम निर्धारित मापदण्ड पूरा भएको रहेछ भने नगरपालिकाले सञ्चालन इजाजत दिनेछ ।

(४) उपनियम (३) वमोजिम मापदण्ड पूरा नभएमा ६ महिना भित्रमा मापदण्ड पूरा गर्ने गरी त्यस्तो मापदण्ड पूरा गर्ने योजना एक महिनाभित्र पेस गर्न लगाई सो अवधिका लागि इजाजतदिनु पर्नेछ ।

(५) यस नियम बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिएपनि इजाजतपत्र नपाउने वा उपदफा (४) वमोजिमको अवधिभित्र मापदण्ड पूरा भएको नपाईएमा त्यस्ता स्वास्थ्य संस्थाको ईजाजत अनुमति नगरपालिकाले खारेज गर्न सक्नेछ ।

४०. स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणका लागि मनसायपत्र लिनुपर्नेः- (१) यस नियमावली बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि प्रचलित मापदण्ड बमोजिम अनुसुची-२ को ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछः-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित कानून बमोजिम प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सो को प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सो क्षेत्र को जनसंख्या र जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउने थप योगदान,

(३) अनुगमन समितिले उपनियम (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तिस दिन भित्र नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाले बढीमा तिन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र प्रदान गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा नगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।
(६) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली जारी हुँदाको वखत मापदण्ड पूरा गरी इजाजतपत्र लिईसकेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था संचालन गर्न, थप सेवाविस्तार गर्न वा नयाँ पूर्वाधार निर्माण/विस्तार गर्नुपर्ने अवस्थामा वाहेक पूर्वाधार निर्माण अनुमति लिनुपर्ने छैन ।
४१. इजाजतपत्र दिन सकिनेः- (१) नियम ४० बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित वा पूर्वाधार निर्माण/विस्तार गर्नु नपर्ने अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।
(२) नियम ३८ को (१) बमोजिमका स्वास्थ्य संस्था अनुमतिका लागि अनुसुची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।
(३) उपनियम (१) र (२) बमोजिम प्राप्त भएको निवेदनको प्रक्रिया पुगे नपुगेको रुजु गरी रितपूर्वक प्राप्त भएको निवेदन शाखा प्रमुखले नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।
(४) उपनियम (१) र (२) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्त गरेको मितिले सात दिनभित्र अनुगमन समिति खटाउनु पर्नेछ ।
(५) उपनियम (४) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमती प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन पेस गर्नुपर्नेछ ।
(६) उपनियम (५) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस नियमावलीमा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई नगर कार्यपालिकाले पाँच वर्षसम्मका लागि अनुसुची-५ बमोजिमको ढाँचामा स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।
(७) यस नियमावली बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपनियम (५) बमोजिम अनुगमन समितिको

प्रतिवेदन प्राप्त भए पश्चात कार्यपालिकाको बैठकबाट निर्णय भएको सात दिनभित्र सोको जानकारी सम्बन्धित संस्थालाई दिईनेछ।

(८) उप नियम (६) बमोजिम इजाजतपत्र दिँदा कार्यपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालनका सन्दर्भमा आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

४२. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्नेः- स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस नियमावली बमोजिम प्रक्रिया पूरा गरी अनुमति लिनु पर्नेछ ।

४३. अनुमति दस्तुर बुझाउनु पर्नेः- स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसुची-६ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

४४. नवीकरण गर्नुपर्नेः- (१) नियम ४१ बमोजिम जारी भएको इजाजतपत्र प्रत्येक तिन वर्षमा नवीकरण गराउनुपर्नेछ ।

(२) उप नियम (१) बमोजिम अनुमतिपत्र नवीकरण गर्न स्वास्थ्य संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अघि अनुसूची ७ बमोजिमको ढाँचामा सोहि अनुसूचीमा उल्लेख भए बमोजिमका विवरण तथा कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम नवीककरणका लागि निवेदन दिएकोमा नगरपालिकाले अनुगमन समिति मार्फत आवश्यक जाचबुझ गरी प्रतिवेदन प्राप्त भए पश्चात मापदण्ड पूरा गरेको भएमा नगर कार्यपालिकाको निर्णय अनुसार इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उप नियम (२) बमोजिमको समयमा निवेदन नदिई सो को मनासिव कारण सहित थप एक महिनाभित्र निवेदन दिएमा उप नियम (३) बमोजिम प्रक्रिया पूरा गरी दोव्वर दस्तुर लिइ इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

४५. स्वास्थ्य संस्था गाभिन सक्नेः- (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य सस्थाहरू एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा नगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाले सयुंक्त रुपमा निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) अनुसारको निवेदन दर्ता भए पश्चात नगरपालिकाले अनुगमन समितिको राय अनुसार स्वीकृति प्रदान गर्न  सक्नेछ।

४६. अनुमति खारेजी तथा कारवाही सम्बन्धी ब्यवस्थाः- (१) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्न नियम ३९ को उपनियम (२) बमोजिम एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी  इजाजतपत्र नलिने र इजाजतपत्र नवीकरण नगर्ने स्वास्थ्य संस्थाको इजाजतपत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रदेश तथा संघीय सरकारका सम्बन्धित निकायलाई दिनु पर्नेछ।

४७. सञ्चालन अनुमति नवीकरण नहुनेः- यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा नगरपालिका भित्र संचालित स्वास्थ्य संस्था नवीकरण गरिने छैनः-

(क)नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने स्वास्थ्य संस्थाले परीषण प्रतिवेदनमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवा तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेस नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) स्वास्थ्य मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा नगरपालिकाले दिएको निर्देशन उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समय भित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

(छ) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा ।

## परिच्छेद-६

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

४८. स्वास्थ्य सेवा सञ्चालनः- १) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार नगरपालिकाबाट ईजाजत लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ ः

(क) आकस्मिक सेवा,

(ख) बहिरङ्ग सेवा,

(ग) अन्तरङ्ग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) प्रबर्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(छ) विशेषज्ञ सेवा, विषयगत विशेषज्ञ सेवा

(ज) फार्मेसी सेवा,

(झ) रक्त सञ्चार सेवा,

(ञ) फिजियोथेरापी सेवा,

(ट) शवगृह व्यवस्थापन सेवा,

(ठ) अस्पताल व्यवस्थापन

(ड) जेरियाट्रिक सेवा

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्कासित फोहरमैला व्यवस्थापन

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाको क्षेत्राधिकार भन्दा बाहेकका सेवा सञ्चालन गर्दा सम्बन्धित निकायबाट अनुमति लिनका लागि नगरपालिकाले सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

(३) नगरपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाले अन्य कुराका अतिरिक्त देहायका विवरण समेत खुलाई नगरपालिकामा वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(क) दर्ता मिति, दर्ता गर्ने निकाय र दर्ता समाप्त हुने अवधि

(ख) सञ्चालन स्वीकृति पाएका सेवाहरु र उक्त सेवाप्रवाहको अवस्था

(ग) सेवाग्राहीहरुको संख्या

(घ) नगरपालिकाले तोकेका आधारभूत स्वास्थ्य सेवा वितरण गरेको अवस्था र लाभग्राही संख्या

(ङ) स्वास्थ्यकर्मी र चिकित्सकहरुको संख्या र तिनीहरुको विशेषज्ञता

(च) नगरपालिका र अन्य निकायबाट भएको अनुगमन र सुझाव वा निर्देशनको कार्यान्वयनको अवस्था

(छ) प्रचलित कानुन अनुसार तिरेको करको विवरण ।

४९. स्वास्थ्य सेवा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः- (१) नियम ४८ बमोजिमका स्वास्थ्य सेवा संचालन गर्दा नेपाल सरकारले तोके बमोजिम सुनिश्चित गर्नुपर्ने न्यूनतम गुणस्तर सम्बन्धी मापदण्डका अतिरिक्त देहायका मापदण्डहरूको समेत पालना गर्नु पर्नेछ ।

(क) बहिरङ्ग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने ।

(ख) स्वास्थ्य संस्थामा संघीय सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनुपर्ने र सो को नियमित र प्रभावकारी अनुगमन गर्ने ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न एकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा संचालन गर्ने कार्य संचालन निर्देशिका बनाई लागू गर्नुपर्ने ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवाप्रदान गर्ने चिकित्सकहरू उपलव्ध हुने समय, तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाँउमा राखिएको हुनु पर्ने ।

(ङ) स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने।

(च) विरामीले त्यहाँ कार्यरत चिकित्सकहरू मध्ये आफूले सेवा लिन चाहेको चिकित्सकवाट सेवा लिन पाउने व्यवस्था हुनुपर्ने।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्ने ।

(झ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनुपर्ने ।

(ञ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सेवाशर्त सम्बन्धी विनियम बनाएको हुनुपर्ने ।

(ट) स्वास्थ्य संस्थाले संघीय सरकारवाट सञ्चालित सेवा वा कार्यक्रम संचालन गर्दा संघीय सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्ने ।

(ठ) अस्पतालले २४सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्ने ।

(ड) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्ने र सो को विवरण सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ढ) आकस्मिक कक्षबाट बिरामी भर्ना गर्ने, प्रेषण गर्ने, विरामीको प्रेषण प्रक्रिया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्ने र सो को व्यहोरा सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ण) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्याई नगरपालिका, वडा कार्यालयले सिफारिस गरेका विरामीलाई अनिवार्य, निःशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्ने र सो को अभिलेख सहितको प्रतिवेदन नगरपालिकामा पठाउनु पर्ने ।

(त) अस्पतालहरुमा जेष्ठ नागरिकका लागि विशेष किसिमको सुविधा दिनु पर्ने ।

(थ) स्वास्थ्य संस्था संचालन गरिने भवन र अन्य पूर्वाधार भवन सहिंता र स्वास्थ्य भवन पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्ने ।

(द) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्ने।

(ध) यो नियमावली र प्रचलित कानूनमा उल्लेख भएका मापदण्डलाई सबै स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता सहितको नागरिक वडापत्र सार्वजनिक गर्नुपर्ने ।

(न) प्रत्येक स्वास्थ्य संस्थाले बार्षिक रुपमा गुणस्तरीय सेवाको मापदण्ड पालना भए, नभएको सम्बन्धमा स्वःमूल्यांकन गरी सुधार गर्नुपर्ने देखिएमा तत्काल सुधारको योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

(प) प्रत्येक महिना नगरपालिकामा तोकिएको ढाँचामा विवरण र प्रतिवेदन बुझाउनुपर्ने ।

(फ) सूचना अधिकारी तोक्नुपर्ने र सूचना अधिकारीको पहिचान सेवाग्राहीले देखिने ठाँउमा टाँस गर्नु पर्ने ।

५०. अन्यत्र उल्लेख गरिएको अतिरिक्त नगरपालिका क्षेत्र भित्र संचालन भएका तथा संचालन हुने निजि, सहकारी, गुठी बाट संचालन हुने स्वसस्थ्य संस्थाहरुको स्वास्थ्य संस्था सम्बन्धी मापदण्डहरुको विस्तृत विवरणः- (१) स्वास्थ्य संस्था सम्बन्धी भौतिक पूर्वाधार, औषधि, औजार उपकरण, सरसफाई, जनशक्ति र सेवा सम्बन्धी न्युनतम मापदण्डहरूको विस्तृत विवरण देहाय अनुसार हुनेछ।

(क) स्वास्थ्य संस्था व्यवस्थापन सम्वन्धी मापदण्ड निम्नानुसार हुनु पर्नेछ,

(क.१) सोधपुछ तथा गुनासो सुनुवाई:- अस्पतालमा सोधपुछ कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्नेछ र हरेक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ ।

(क.२) सूचना तथा संचार सेवा:-

(क.२.१) अस्पतालमा आकस्मिक सेवाका टेलिफोन नम्बरहरु एम्बुलेन्स, प्रहरी, दमकल, आदिको अध्यावधिक टेलिफोन सेवाको पनि व्यवस्था हुनुपर्नेछ ।

(क.२.२) सबैले देख्ने गरी नेविगेसन चार्ट र नागरिक वडा पत्र राख्नु पर्नेछ।

(क.३) पानीको व्यवस्था :- अस्पतालमा चौबिसै घण्टा पर्याप्त मात्रामा सफा पिउने तथा अन्य प्रयोजनको लागि पानीको उपलव्धता हुनु पर्नेछ ।

(क.४) विधुत आपूर्ति :- अस्पतालमा चौबिसै घण्टा विधुत आपूर्तिको व्यवस्था हुनुको साथै ब्याक-अप प्रणालिको समेत व्यवस्था हुनु पर्नेछ।

(क.५) शौचालयको व्यवस्था:- अस्पताल हाता भित्र पर्याप्त पानी र साबुन सहितको पर्याप्त संख्यामा सफा शौचालयको व्यवस्था हुनु पर्नेछ।शौचालयको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क.५.१) बालबालिका मैत्री:- सरसफाई हुनुको साथै ढोका समाउने ह्याण्डल, छेस्किनी र बस्ने सिट बालबालिकाले भेट्ने खालको हुनु पर्दछ ।

(क.५.२) लैंगिक मैत्री:- सरसफाई हुनुको साथै महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहर फाल्ने टोकरीको उपलब्धता हुनु पर्दछ ।

(क.५.३) अपांगता मैत्री:- शौचालय सबै प्रकारका अपांगता भएका (दृष्टि बिहिन,ह्विल चियर प्रयोगकर्ता आदि) हरुका लागि पर्नेछ।

(क.५.४) जेष्ठ नागरिक मैत्री:- जेष्ठ नागरिक शौचालयमा कमडको व्यवस्था हुनुको साथै भित्तामा समाउन रेलिङको व्यवस्थापन हुनु पर्नेछ ।

(क.६) बिरामी कुरुवा सुविधा:- अस्पतालमा बहिरंगतथा अन्तरंग सेवा दिईने स्थानहरुमा पर्याप्त मात्रामा विश्राम स्थल तथा बिरामी कुरूवाको लागि कुरुवास्थलको व्यवस्थापन हुनु पर्नेछ ।

(क.७) क्यान्टिन व्यवस्था:- अस्पताल भित्र स्वस्थ्य सफा र सुविधा यूक्त चौबिसै घण्टा संचालन रहने क्यान्टिनको व्यवस्था हुनु पर्दछ ।

(क.८) सुरक्षा व्यवस्था : अस्पतालमा चौबिसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ। आपतकालिन अवस्थामा अन्य सुरक्षा निकाय संग समन्वय गर्ने व्यवस्थाको साथै साईरन, अटो फायर अलार्म र स्मोक डिटेक्टरको व्यवस्था हुनु पर्नेछ। अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकस्मिक कक्ष, फार्मेसी, बहिरंग कक्ष, सघन उपचार कक्ष (ICU) ,पार्किङ, टिकट कक्ष लगायतका क्षेत्रहरुमा CCTV जडान गरी कम्तिमा ३० दिन सम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ।

(क.९) एम्बुलेन्स ब्यवस्था:- एम्बुलेन्स सेवालाई एकिकृत एम्बुलेन्स सेवा संचालन निर्देशिका, २०७७ बमोजिम प्रेषण सेवामा आवद्ध गरी अस्पतालमा आधारभूत मेडिकल ईमर्जेन्सी सम्बन्धी तालिम लिएको स्वास्थ्य कर्मी सहितको एम्बुलेन्स सेवाको व्यवस्था हुनुपर्नेछ ।

(क.१०) शव वहानको व्यवस्था: -

(क.१०.१) अस्पतालको शव बहान सञ्चालन गर्नु पर्नेछ।

(क.१०.२) शव वहान सञ्चालनको लागि सम्बन्धित निकाय बाट अनुमति लिएको हुनुपर्नेछ ।

(क.१०.३) माथी उल्लेखित (क.१) बमोजिम शव वहान सञ्चालन गर्न अस्पतालसंग शव वहान नभएमा शव वहान भएको अस्पताल वा संघ संस्थाहरु संग आबद्धता लिनु पर्नेछ ।

(क.१०.४) शव वहान शव बोक्ने कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ र यसमा साईरन राख्न पाईने छैन ।

(क.१०.५) शव वहान सेतो रंगको हुनु पर्नेछ जसमा कम्तिमा ६ ईञ्चको कालो अक्षरले "शव वहान" भनी लेखिएको हुनु पर्नेछ।

(क.१०.६) शव वहान चालकले संक्रमण रोकथाम सम्बन्धि तालिम लिएको हुनु पर्नेछ ।

(क.११) पार्किङ्गको व्यवस्था:- कर्मचारी तथा सेवाग्राहीहरुको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ।

(क.१२) भण्डारण व्यवस्था:- अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामाग्री, औजार, उपकरण, औषधिको न्यूनतम मौज्दात रहनु पर्नेछ र सो सामाग्रीहरुको उपयूक्त भण्डारणको लागि रेफ्रिजरेटर, एयर कन्डिसनर, उपयूक्त भेन्टिलेसन सहितको पर्याप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ। साथै आपत कालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको भण्डारणको लागि कम्तिमा एक महिनाको लागि पुग्ने अलग्गै भण्डारण कक्षको व्यवस्था हुनुपर्नेछ ।

(क.१३) अस्पताल भवन:- अस्पताल भवन एवम् पूर्वाधार सम्वन्धी मापदण्ड अनुसार भएको हुनु पर्नेछ ।

(क.१४) कर्मचारी व्यवस्थापन:- अस्पतालले कम्तिमा पनि नेपाल सरकारले तोकेका मापदण्ड अनुसार कर्मचारीको व्यवस्थापन गरेको हुनुपर्नेछ। कर्मचारीहरुले तोकेको पोशाक, परिचय पत्र, एवं विधुतिय हाजिरीको प्रयोग गरेको हुनु पर्नेछ। कर्मचारीहरुको कामको जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ।

(क.१५) फोहरमैला व्यवस्थापन:- अस्पताल हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ। अस्पतालको स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन फोहरमैला व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम हुनु पर्नेछ।

(क.१६) तथ्याङ्क व्यवस्थापन इकाई:- अस्पतालमा सूचना विज्ञ सहित तथ्याँक व्यस्थापन इकाईको व्यवस्था हुनु पर्नेछ।

(क.१७) किशोर किशोरी मैत्री ,


(ख) भवन तथा पूर्वाधार सम्वन्धी मापदण्ड:- स्वास्थ्य संस्थाको भवन तथा पूर्वाधार सम्बन्धी मादण्ड देहाय बमोजिम हुनेछ_।

(ख.१) स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा भवन ऐन, २०५५ को दफा १० र ११ मा भएको व्यवस्था तथा तल उल्लेख बमोजिम हुनु पर्नेछ ।

**भवन सम्वन्धि मादण्ड**

निर्माण गरिने स्वास्थ्य संस्थाको हकमा देहायको मापदण्ड अनुसार कायम गरिनु पर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज-४०प्रतिशत
- Floor Area Ratio (FAR)- २.५
- न्यूनतम पार्किङ स्थल- जम्मा जग्गाको २५ प्रतिशत
- भवन सेट ब्याक ( Set Back) -कम्तिमा ३ मिटर भवनको चारै तिर
- लाईट प्लेन( Light plane)- ६३.५ डिग्री




(ख.२) विपत् व्यवस्थापन योजना तयार गरी सर्वसाधारणको जानकारीका लागि भवनमा सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयूक्त स्थानमा स्पष्ट गरी राखिएको हुनुपर्नेछ ।

(ख.३) अस्पताल भवन प्रशासनिक कार्यालय, बहिरंग विभाग, अन्तरंग विभाग, प्रयोगशाला, फार्मेसी, रेडियोलोजी विभाग, क्यान्टिन, CSSD, Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरुको व्यवस्था हुनु पर्नेछ ।

(ख.४) पूर्वाधारकोहकमा "स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७४ ( पहिलो संसोधन २०७७) " अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ ।

(ख.५) अस्पतालको क्षेत्रफल प्रति शैया न्यूनतम ५५ वर्ग मिटरको दरले हुनु पर्नेछ ।

(ख.६) प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटर हुनु पर्नेछ ।

(ख.७) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने द्वार सम्भव भए सम्म अलग अलग हुनु पर्नेछ ।

(ख.८) अस्पतालले ओगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन वेल्ट हुनु पर्नेछ ।

(ग) बहिरंग, अन्तरंग, आकस्मिक तथा शल्यचिकित्सा विभाग र सघन उपचार कक्ष सम्वन्धि मादण्डः- निम्नानुसार हुनेछ ।

(ग.१) उपचारात्मक सेवा सम्वन्धी व्यवस्था:-

(ग.१.१) बहिरंग, अन्तरंग, आकस्मिक तथा शल्यचिकित्सा विभाग र सघन उपचार कक्ष सम्वन्धी मापदण्ड देहाय बमोजिम हुनेछ ।

(ग.१.१.१) बहिरंग विभाग:- १५ शैया सम्म का लागि

- आधारभूत स्वास्थ्य सेवा

- सामान्य चिकित्सा
- सामान्य शल्यक्रिया
- स्त्रीरोग तथा प्रसुति सेवा
- बालरोग तथा शिशु सेवा
- सामान्य दन्त सेवा

*नोटः-१५ शैया सम्मका अस्पतालले सम्बन्धित चिकित्सकको उपलव्धता आकस्मिक शल्यक्रिया सेवा प्रदान गर्न सक्ने छन् तर अन्य विशेषज्ञ सेवा दिन मिल्न छैन । यदि अन्य विशेषज्ञ सेवा दिनु परेमा कम्तिमा ५० शैयामा स्तरोन्नती गरेको हुनुपर्नेछ।*

(ग.१.१.२) शैयाका आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुन पर्नेछ ।

| क्र. सं. | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ शैया | १० शैया | १५ शैया |
| १ | बिरामी दर्ता कक्ष/ स्थानको व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| २ | अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाको लागि अलग अलग ओ.पि.डि. सञ्चालन गर्न सकिने | भए राम्रो | भए राम्रो | हुनु पर्ने |
| ३ | बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटरको हुनुपर्ने र कन्सल्टेण्टको यूनिट वा सेवा अनुसार ओ.पि.डि. सञ्चालन गर्न सकिने | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ४ | स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलव्ध हुने समय तालिका (दिन, वार खुल्ने गरी) सबैले देख्ने ठाँउमा राखेको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ५ | व्हिलचियर, स्ट्रेचर, ट्रलि पर्याप्त | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था भएको | | | |
| ६ | व्हिलचियर, स्ट्रेचर, ट्रलि,राख्ने ठाँउ पर्याप्त भएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ७ | व्हिलचियर, स्ट्रेचर, ट्रलि चलाउने मानिस पर्याप्त भएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ८ | बिरामी वा बिरामीको रेखेदेख गर्ने व्यक्तिलाई रोग र उपचारको स्पष्ट जानकारी( Counselling) दिने व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ९ | ओ.पि.डि.कक्षमा पर्याप्त फर्निचर सहितको प्रतिक्षालय | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| १० | सूचना-पाटी, टि.भि. स्क्रिन, पोष्टर आदि बाट स्वास्थ्य सम्वन्धि जानकारी र अस्पताल बाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ११ | महिला र पुरुषका लागि अलग - अलग र आवश्यकता अनुसार अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री समेत शौचालयकोव्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |

(ग.१.२) अन्तरङ्ग बिभाग सम्वन्धी मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ ।

(ग.१.२.१) जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग -अलग वार्डको व्यवस्था हुनु पर्नेछ ।यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला बिरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ ।

(ग.१.२.२) अपाङ्गता भएका बिरामिहरुको व्यक्तिगत सरसफाई र लुगा फेर्ने प्रयोजनको लागि आवश्यक व्यवस्था हुनु पर्नेछ साथै अस्पताल भवन बालवालिका, जेष्ठ नागरिकतथा अपाङ्ग मेत्री हुनु पर्नेछ ।

(ग.१.२.३) अस्पतालमा वार्डमा सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था हुनुपर्नेछ ।

(ग.१.२.४) एक क्यूविकल मा छ शैया भन्दा बढी राख्न नपाईने ।

(ग.१.२.५) अस्पतालमा आश्यकता अनुसार क्याविन कोठाहरुको व्यवस्था हुनु पर्नेछ । कुल शैयाको बढीमा ३० प्रतिशत मात्र क्याविन शैया राख्न नपाईने ।

(ग.१.२.६) प्रत्येक वार्डको लागि अलग-अलग नर्सिङ्ग स्टेशन हुनु पर्नेछ ।उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा "कल बेल" राख्नु पर्छ ।

(ग.१.२.७) अस्पतालमा आवस्यकता अनुसार चेन्जिङ रुम, शौचालय, बाथरुम, स्टोर तथा नर्स तथा डाक्टरको ड्यूटि रुमको व्यवस्था गरिएको हुनुपर्छ ।

(ग.१.२.८) शैयाको आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछ :-

| क्र. सं. | मापदण्ड | अस्पताल शैया | | |
|---|---|---|---|---|
| | | ५ शैया | १० शैया | १५ शैया |
| १ | डाक्टरको ड्यूटी रुम, प्यान्ट्री, आईसोलेसन रुम, ट्रिटमेन्ट रम, शौचालय आदिको व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| २ | शैया बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दूरी | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ३ | अस्पतालमा बच्चा, सुत्केरी, अव्जर्भेसन तथास सरुवारोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ४ | जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपात १ स्टाफ नर्सको व्यवस्था भएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ५ | लेवर रुम र एक्टिभ लेवर वार्डको लागि छुट्टै शौचालयको व्यवस्था भएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ६ | प्रसुति हुनु अगावैका बिरामी भर्ना गर्नका लागि Pre-laour ward को व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ७ | लेवर रुम र लेवर टेवलको हकमा बिरामीको चाप अनुसार तय गर्नु पर्ने | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ८ | प्रति लेवर २ जना मिड वाईफ वा SBA तालिम प्राप्त नर्स हुनु पर्ने र एक्टिभ लेवर वार्डको हकमा प्रति २ शैया १ जना मिडवाईफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनुपर्ने | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ९ | Active Labour Ward र लेवर रुमजोडिएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | हुनु पर्नेछ । | | | |

(ग.१.३) आकस्मिक विभाग सम्बन्धी मादण्ड देहाय बमोजिम हुनु पर्नेछ :-

(ग.१.३.१) अस्पतालमा कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।

(ग.१.३.२) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्स -रे, ईमेजिङ सेवा, प्रयोगशाला, ओ.पि.डी., ओ.टी. तथा ह्विलचेयर, ट्रलि, स्टेचर लैजान ल्याउन, बिरामी सजिलै संग वार्डहरुमा ल्याउने लान सकिने गरि संचालनमा ल्याएको हुनु पर्नेछ।

(ग.१.३.३) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज क्षेत्र,निसंक्रमण कक्ष, चेन्जिङ्ग रुम, मेडिको लिगलका लागि गोपनियता सुनिश्चित हुनेकोठाको व्यवस्था भएको हुनु पर्नेछ ।

(ग.१.३.४) चौबिसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ग.१.३.५)आकस्मिक विभाग बाट बिरामी भर्ना गर्न, रिफर गर्ने रेफरल प्रकृया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(ग.१.३.६) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाहरुको लागि संस्थाहरुले व्यवस्थापन योजना बनाएको र अध्यावधिक गरेको हुनु पर्नेछ ।

(ग.१.३.७) आकस्मिक सेवामा काम गर्ने जनशक्तिले कम्तिमा Basic life Support/ Primary Trauma Care/ Advance cardiac Life Support / Advance trauma Life Support/ Primary Emergency Care आदि तालिम लिएको हुनु पर्नेछ ।

(ग.१.३.८) शैयाको आधारमा सेवाको मापदण्ड देहाय बमोजिम हुन पर्नेछ ।

| क्र.सं. | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ शैया | १० शैया | १५ शैया |
| १ | कुल शैया क्षमताको कम्तिमा दश प्रतिशत आकस्मिक कक्षमा शैयाहरुको उपलब्धता | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| २ | आकस्मिक कक्षवाट अल्ट्रासाउण्ड, एक्स रे, ईमेजिङ्ग सेवा, प्रयोगशाला, ओ.पि.डि., ओ.टी. तथा अन्य सेवाहरुमा सजिलै बिरामी ल्याउन लैजान सकिने व्यवस्था ( ह्विलचेयर/ट्रलि जान सक्ने अवस्था) | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ३ | आपतकालीन सेवाका लागि प्रयोग हुने | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | सवारी साधानहरु अस्पतालको आपतकालिन कक्षमा सहज रुपमा आउन जान सक्ने अवस्था | | | |
| ४ | आवश्यक सेवा दिनको लागि आकश्मिक कक्षको कोठा उपलब्धता | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ५ | दक्ष स्वास्थ्य कर्मी बाट चौबिसै घण्टा चिकित्सक सेवा उपलब्धता | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ६ | आकस्मिक सेवामा काम गर्ने जनशक्ति तालिम प्राप्त | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ७ | आकस्मिक सेवाका लागि चहिने आवस्यक औषधि चौबिसै घण्टा उपलब्ध हुने | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ८ | आकस्मिक विभाग वाट बिरामी भर्ना गर्न, रेफर हुने भए रिफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ९ | सञ्चार सुविधा (टेलिफोन, ईन्टरनेट) | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| १० | शुद्ध खानेपानीको पर्याप्त व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| ११ | शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |
| १२ | सार्वजिक टेलिफोन सेवा | हुनु पर्ने | हुनु पर्ने | हुनु पर्ने |

(घ) सेवा सम्बन्धी व्यवस्थाः- (१) विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरुः- विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरु सम्वन्धी विस्तृत जानकारीको लागि स्वास्थ्य संसुथा स्थापना, सञ्चालन तथा स्तरन्नोती मापदण्ड सम्वन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(ङ) स्वास्थ्य क्लिनिक/ पोली क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः

(ङ.१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा पनि MBBS वा सो सरहको चिकित्सा सम्वन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

(ङ.२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उतीर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनपर्नेछ।

(ङ.३) पोली क्लिनिकमा रेडियोलोजी ईमेजिङ सेवा,प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्वन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।
(ङ.४) स्वास्थ्य क्लिनिक / पोली क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवस्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्छ ।
(ङ.४.१) बिरामीको जाँच गर्न Ventilated वा AC कोठा १ सेवा अनुसारको छुट्टाछुट्टै ( कम्तिमा १४ वर्ग मिटरको)
(ङ.४.२) बिरामी बस्ने ठाँउ १
(ङ.४.३) बिरामी जाँच्ने टेवल १
(ङ.४.४) चिकित्सकको लागि टेवल १
(ङ.४.५) चिकित्सकका लागि कुर्सी १
(ङ.४.६) बिरामी बस्ने टुल १
(ङ.४.७) शौचालय व्यावस्था (अपाङ्ग मैत्री सहित) २
(ङ.४.८) टेलिफोन,ईन्टरनेट र web page
(ङ.४.९) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्री
(ङ.४.१०) स्वाच्छ पानीको आपूर्ति
(ङ.४.११) निरन्तर विधुत आपूर्ति
(ङ.५) सेवा र बिषय अनुसारका आवस्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।
(ङ.६) बिरामिको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर गर्नु पर्ने
(ङ.७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलिकरणको व्यवस्था गर्नु पर्नेछ ।
(ङ.८) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि राख्नु पर्नेछ ।
(ङ.९) सेवा शुल्क र आयकर प्रमाण पत्र सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।
(ङ.१०) पालिकाबाट तोकिएको एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।
(ङ.११) रेडियोलोजी वा डाईगोनोष्टिक एण्ड ईमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु:-

(ङ.११.१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईगोनोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहर समावेश गरिएको छ:-

- X-Ray ( 300mA सम्म)
- Ultrasonogram (USG)

(ङ.११.२) माथि (क ) मा उल्लेख गरिएको बाहेकका थप प्रविधिको लागि माग पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृत गर्नेछ ।
(ङ.११.३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ सेवाबाट पर्ने विकिरणका दुष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिँदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-
(ङ.११.३.१) एउटा एक्सेरे मेशिनका लागि कम्तिमा २५ स्क्वायर फिटका कोठा हुनु पर्ने ।
(ङ.११.३.२) एक्स रे गर्ने कोठाका Wall thickness क)९ ईन्च with plaster of Peris वा (ख) ६ Inches with 20mm lead barrier वा (ग) २.० एम.एम. lead thikness हुनु पर्ने । साथै झ्याल, ढोका तथा भित्ता बाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने ।
(ङ.११.३.३) X-Ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा Radiation protective measures का व्यवस्था हुनुपर्ने ।
(ङ.११.३.४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiation dose monitor उपलव्ध हुनु पर्दछ
र समय समयमा RadiationSurvey Monitoring गर्नुपर्ने ।
(ङ.११.३.५) Eye, Gonadal,Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने।
(ङ.११.३.६) X-Ray एक्सपोज गर्ने कोठा डार्करुम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने।
(ङ.११.३.७) Radiology विभागमा जनसाधारणले देख्ने ठाउंमा X-Ray विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्नेबारे सूचना गर्ने ।साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाई अनावस्यक बिकिरणबाट बच्न अनुरोध गर्ने ।
च) रेडियोलोजी सेवाका लागि आवस्यक जनशक्ति तथा योग्यता :- रेडियोलोजी सेवाका लागि आवस्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

च.१) रेडियोलोजिष्ट:- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रेडियोलोजी विषयमा एम.डि.एम आर डी, एफ आर सी आर वा सो सरह कोर्ष उतिर्ण गरेका हुनु पर्नेछ ।

छ.२) रेडियोलोजी एण्ड ईमेजिङ रिपोर्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Intervntional Procedure हरु पनि यथासम्भव रेडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

छ.३) रेडियोलोजी सेवाका लागि आवस्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ :

(ज) Medical Physicist :- Medical Physics विषयमा Bsc वा Msc उतीर्ण गरेको

(झ) बायोमेडिकल ईन्जिनियर :- बायोमेडिकल ईन्जिनियरिङ्ग बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतिर्ण गरेको हुनु पर्नेछ ।

(ञ) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट:- सम्बन्धित विषयमा Msc. radiography गरी कम्तिमा स्नातक तहमा ३ बर्ष काम गरेको हुनुपर्छ ।

(ट) रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजीजिष्ट):- चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकार बाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफिक बिषयमा ( Bsc.,MLT, Bsc, RTI) स्नातक तह उतीर्ण गरेको हुनुपर्ने । साथै NHPC( Nepal Health Professional Council) मा दर्ता हुनु पर्ने ।

(ठ) रेडियोग्राफर:- चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उतीर्ण गरेको हुनुपर्ने ।

(ड) प्रयोगशाला सेवा:- (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ :-

(ड.१) जनरल प्याथोलोजी: योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उतीर्ण गरी MD Path., MRC Path., DCP वा सो सरह उतीर्ण गरेको हुनु पर्नेछ।

(ड.२) माईक्रोवायोलोजी: योग्यता: मान्यता प्राप्त शिक्षण संस्थावाट MD Microbiology उपाधि प्राप्त गरेको हुनु पर्नेछ।

(ड.३) हेमाटोलोजी:योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त ।

(ङ.४) मेडिकल टेक्नोलोजिष्ट: मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधी प्राप्त।

(ङ.५) MD Biochemistry को योग्यता: मान्यता प्राप्त शीक्षण संस्था बाट MD Biochemistry उपाधि प्राप्त गरेको हुनु पर्नेछ।जसले गर्न पाउने परिक्षणहरु:- Histopathology, Cytopathology & Bone Marrow Study बाहेकका परिक्षणहरु ।

(ङ.६) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट:- मान्यता प्राप्त शिषण संस्था बाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा उपाधी MMLT प्राप्त।

MMLT/ M.Sc.Microbolgy, MMLT/ M.Sc. Haematology, MMLT/M.Sc. Bio Chemistry, MMLT/M.Sc. Cytology गरेकाहरुले जुन विषयमा आफूले उपाधी प्राप्त गरेका छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी विशेषज्ञ सेवा प्रदान गर्न पाउनेछन।

(ङ.७) ल्याव टेक्निशियन:- मान्यता प्राप्त शिक्षण संस्था बाट सम्वन्धित विषयमा प्रमाण पत्र तह वा सव सरह उतीर्ण।

(ङ.८) ल्याव असिस्टेण्ट: मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा १ वर्ष वा १५ महिनाको ल्याब असिस्टेड तालिम पुरा गरी प्रमाण पत्र प्राप्त गरेका। जसले गर्न पाउने परिक्षणहरु: २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्वन्धी आधारभूत परिक्षणहरु ।

नोट:- माथि उल्लेखित जनशक्तिहरुले आफूले योग्यता प्राप्त गरेको प्रमाण पत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेको परिषदमा दर्ता हुनु पर्ने ।

(ढ) प्रयोगशाला संचालन सम्वन्धी न्यूनतम मादण्ड:- देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ ।

(ढ.१) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

(ढ.१.१) आकस्मिक सेवा प्रदान गरिने हरेक अस्पतालमा शैया अनुसार आवस्यक पर्ने आकस्मिक परिक्षणहरु गर्नु पर्नेछ ।

(ढ.१.२) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकाय बाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

(ढ.१.३) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला बाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ।

(ढ.२) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टिलेशनको व्यवस्था हुनु पर्नेछ ।
(ढ.३) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।
(ढ.४) प्रयोगशालाको फोहर व्यवस्थापन नेपाल सरकारले तोकेको मादण्ड बमोजिम गरेको हुनु पर्नेछ ।
(ढ.५) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमूना परिक्षण गर्ने कोठा र शौचालय अनिवार्य हुनु पर्नेछ ।
(ढ.६) प्रयोगशालामा आवश्यक पर्ने टेवल,कुर्सि लगायतका आवस्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ।
(ढ.७) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफूले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउने।
(ढ.८) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शौक्षिक योग्यता एवं परिषदको दर्ता नम्बर उल्लेख स्ट्याम्प वा प्रिन्टको प्रयोग गरेको हुनु पर्नेछ ।
(ण). आयूर्वेद तथा वैकल्पिक चिकित्सा सम्वन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड: -
(१) आयूर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा संस्था स्थापना गर्न, संचालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुका पालन गर्नु पर्नेछ।
(क) आयूर्वेद स्वास्थ्य सेवा :
१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सक व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्ता प्राप्त शिषण संस्थाबाट स्नातक वा स्नातकोतर उपाधी हासिल गरी नेपाल आयूर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्नेछ।नेपाल सरकारका वहालवाला कर्मचारि भएमा पूर्व स्वीकृति लिएको लिनुपर्नेछ।
२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित विषयमा कम्तिमा बि.ए.एम.एस. वा सो सरह उपाधी प्राप्त व्यक्ति वाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन, वस्ति र रक्तमोक्षण प्रयोग गर्नु पर्ने र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञ बाट गर्नु पर्नेछ।
३) आयूर्वेद अस्पतालमा काम गर्न कर्मचारीलाई संक्रमण सुरक्षा सम्वन्धी आवश्यक तालिम दिनु पर्नेछ ।
४) बिरामीको उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयूक्त स्थानमा प्रेषण गर्नु पर्नेछ।

५) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., ई.ई.जी. प्याथोलोजी,रेडियोलोजी, तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नु परेमा सम्वन्धित विषयका जनशक्ति र सो सम्वन्धि,औजार उपकरण भौतिक पूर्वाधार हुनु पर्नेछ।

६) ईन्ट्रिग्रेटेड क्लिनिक, नर्सिङ होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएकम कुन कुन विषय र सेवा दिने उध्देश्य राखिएको हो? सो प्रस्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नु पर्नेछ।

७) आयूर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण ,औषधी द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिईने सेवा र आयूर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्तर्गतका निराग्नि स्वेद (जल, वायू, सूर्याकिरण, पार्थिव तत्वको प्रयोग) अग्नि स्वेदन, अभ्यङ्ग (Massage) सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यम वाट रोगको रोकथाम वा दिर्घजीवनका लागि संचालन गरिने संस्थाहरुले आयूर्वेद स्वास्थ्य कर्मिहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरी जुनसुकै नाममा संचालन भएकता पनि आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र संचालन गर्न पाईनेछ ।

ख) आयूर्वेद चिकित्सा अन्तरगत रहने सेवा हरु:- १) रोग उपचार (आतुर विकार प्रशमन) अन्तर्गत

क) युक्ति व्यापाश्रय चिकित्सा

ख) संशमन (औषधि चिकित्सा)

ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा )

घ) दैव व्यापाश्रय

ङ) सत्वावजय

च) शस्त्र- प्रणिधान

छ) योगाभ्यास

२) स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा अन्तर्गत

क) प्रकृति विनश्चय र परामर्श

ख) स्वस्थवृत पालन-ऋतुचर्या, दिन चर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

ग) रसायन

घ) वाजीकरण

ङ) पञ्चकर्म

च) योगाभ्यास

(त). स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिंदा संलग्न गर्नु पर्ने कागजातहरुः- (१) निवेदन फाराम (२) कम्पनी दर्ता/ संस्था दर्ताको प्रमाणित प्रतिलिपि (३) संस्था/कम्पनीको विधान/प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि (४) स्थायी लेखा दर्ता प्रमाण पत्रका प्रतिलिपि (५) स्थापना गर्न लागिएका ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्वन्धित वडाको सिफारिस पत्र (६) स्थापना गर्न लागिएका ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्वन्धित वडाको सिफारिस पत्र (७) अस्पतालको काम गर्ने जनशक्ति सम्वन्धि विवरणः- (क) बायोडाटा (ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रपिलिपि (ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाण पत्रका प्रतिपि (घ) नागरिकता प्रमाण पत्रका प्रतिलिपि (ङ) जनशक्तिहरुका काम गर्न समय (पार्ट टाईम /फुल टाईम किटान गर्नुपर्नेछ) (च) मञ्जुरीनामा/ कबुलियतानामा (८) औजार उपकरणका विवरण तथा श्रोत (९) सम्पूर्ण सेवा शुल्क बिवरण (१०) भौतिक सामाग्रीको विवरण (११) प्रारम्भिक वातावरणिय परिक्षण (IEE) वा वातावरणिय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्र प्रतिलिपि (१२) अस्पतालको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव (१३) अस्पतालको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव (१४) अस्पतालको आर्थिक नियमावली (१५) प्रदान गरिने सेवाका विवरण (१६) जग्गा/घरका स्वामित्व (१७) घर/कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता -पत्र र भवन स्वास्थ्य संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयूक्त छ भन्ने सम्वन्धि सिफारिस पत्र (१८) भवन स्वीकृत नक्सा (१९) संस्थाको चल अचल सम्पति विवरण तथा वितिय स्रोत (२०) संस्थाका कार्य योजना (Scheme) (२१) PAN मा दर्ता नम्बर (२२) कर चुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै (२३) लेखापरिक्षण प्रतिवेदन (लागू हुने अवस्थामा मात्रै) (२४) बिरामी वडापत्रका पत्रका नमुना (२५) सम्बन्धित निकायका भवन संहिता सम्बन्धि स्वीकृत पत्र (२६) रु १० को निवेदन दस्तुर (२७) मुल्य अभिबृध्दिको कर वा आयकरमा दर्ता भएको प्रमाण पत्र (२८) सम्वन्धित निकायबाट भवन नक्सा डिजाईन र निर्माण राष्ट्रिय भवन संहिताका मादण्ड बमोजिम भएको स्वीकृति पत्र।

५१. अनुगमन समितिः- (१) ऐनको दफा ११ बमोजिम नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरु को पूर्वाधार, इजाजतपत्र र नवीकरण एवं सेवा गुणस्तरको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

(क) नगरपालिका उपप्रमुख - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक वा निजले तोकेको समितिको सदस्य-सदस्य

(ग) अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट - सदस्य

(घ) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ- सदस्य

(ङ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (२) समितिले सेवा गुणस्तर अनुगमन तथा निरीक्षणको शिलसिलामा उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाका प्रतिनिधि, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि र अन्य विषय विज्ञलाई सहभागी गराउन सक्नेछ ।

(३) यस नियमावली बमोजिम संचालन इजाजत लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका र नगरपालिकाले आफैं संचालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन वर्षमा कम्तिमा दुई पटक अनिवार्य रुपमा र आवश्यकता अनुसार जुनसुकै वखत अनुगमन समितिले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(४) स्वास्थ्य संस्थाको पूर्वाधार, इजाजतपत्र र नविकरण गर्ने प्रयोजनका लागि अनुगमन गरी सिफारिस गर्न अनुगमन समितिले स्वास्थ्य शाखाको प्रमुखको संयोजकत्वमा एक प्राविधिक उपसमिति बनाई प्रतिवेदन लिन सक्नेछ । सो प्राविधिक उपसमितिमा स्वास्थ्य संस्थाको सेवाको प्रकृति बमोजिम ल्याव टेक्निसियन वा अधिकृत, रेडियोग्राफर वा अधिकृत, पब्लिक हेल्थ नर्स वा अधिकृत, फार्मेसी असिस्टेन्ट वा अधिकृत, आयुर्वेद वा वैकल्पिक चिकित्सा क्षेत्रको बिज्ञ र सब इन्जिनियर (सिभिल)सदस्यको रूपमा रहनेछन् ।

(५) उप नियम (४) बमोजिमको प्राविधिक उपसमितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ नगरपालिकामा उपलव्ध हुन नसकेको अबस्थामा कार्यपालिकाले प्रादेशिक तथा संघीय तहका नियामक निकाय, स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्ला स्थित सम्बन्धित क्षेत्रमा कार्यरत प्राविधिकलाई सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(६) यस नियमावली बमोजिम स्वास्थ्य संस्थाले गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा नियमित अनुगमन र नियमन गर्न अनुगमन समितिले जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम जनस्वास्थ्य निरीक्षक तोक्दा स्वास्थ्य सेवासंग सम्बन्धित क्षेत्रमा नेपाल सरकारले तोके बमोजिमको योग्यता वा अनुभवप्राप्त व्यक्ति मध्येबाट तोक्नुपर्नेछ ।तर, जनस्वास्थ्य निरीक्षकको योग्यता पुगेको कुनै कर्मचारी नगरपालिकामा कार्यरत भएको अवस्थामा समितिले सोही कर्मचारीलाई जनस्वास्थ्य निरीक्षकको रुपमा खटाउन सक्नेछ ।
(८) उप नियम (७) बमोजिम खटिएको स्वास्थ्य निरीक्षकले मापदण्डको पालना गर्न स्वास्थ्य संस्थाहरुलाई अवश्यक सुझाव दिने छ र स्वास्थ्य संस्थाले सोको पालना गर्नुपर्ने छ ।
५२. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः- (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यो नियमावली र प्रचलित कानूनमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्यांकन गरी सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, प्रदेश सरकार र संघीय मन्त्रालयले अनुगमन समितिसंग समन्वय गरी आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यो नियमावलीको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा आकस्मिक निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ।
(३) उपनियम (२) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर र पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।
(४) यो नियमावली बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरिरहेको सेवा पूर्ण वा आंशिक रूपमा बन्द गर्न आदेश दिन सक्नेछ तर प्रादेशिक तथा संघीय सरकारबाट स्वीकृति लिई संचालनमा रहेकाको हकमा सम्बन्धित तह समक्ष सुझाव सहितको प्रतिवेदन दिनेछ ।

(५) उपनियम (४) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेस गर्न मौका दिईनेछ ।

(६) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले वाधापार्ने छैन ।

(७) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति नलिएका स्वास्थ्य संस्थामा कुनैपनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन यदि कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीका लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ ।

## परिच्छेद-७
## औषधि तथा उपकरण सम्बन्धी व्यवस्था

५३. औषधि तथा उपकरण आपूर्तिः- (१) आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएको औषधिको नियमित आपूर्तिको ब्यवस्था गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थामा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग आपूर्ति सन्तुलनको ब्यवस्था मिलाउनु पर्नेछ ।

(३) म्याद नाघेका औषधिको सूची तयार पारी नियमित रूपमा धुलाउने ब्यवस्था मिलाउनु पर्नेछ ।

(४) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम राख्न वातावरण अनुकूलन तथा भेन्टिलेसन युक्त कोठाको ब्यवस्था गर्नु पर्नेछ ।

(५) औषधि आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी तथा आर्थिक ऐन अनुसार संचालन गर्नु पर्ने र यसका लागि स्वास्थ्य संस्थाको एक जना कर्मचारीलाई स्टोर किपर तोक्नु पर्नेछ ।

(६) उपनियम (५) अनुसार तोकिएको स्टोरकिपरले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नुपर्ने साथै चलअचल सम्पत्तिको विवरण जिन्सी रजिष्टर अनुसार दुरुस्त राख्नु पर्नेछ ।

(७) औषधिको माग गर्दा Pull System मा आधारित माग प्रणाली अपनाउनु पर्नेछ।

(८) औषधिको माग आपूर्ति गर्दा समुदायमा हुन सक्ने महामारी रोग नियन्त्रणलाई समेत ध्यान पुर्याउनु पर्नेछ ।

(९) म्याद नाघी धुलाएको औषधिलाई बातावरण प्रतिकूल नहुने गरी नष्ट गर्नु पर्नेछ।

(१०) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी ब्यवथापन समिति समक्ष वार्षिक अनुमोदन गराउनु पर्नेछ ।

५४. औषधि, उपकरण तथा औषधि जन्य सामग्री र पदार्थको खरिद प्रक्रियाः- (१) औषधि, उपकरण तथा औषधि जन्य सामग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिमको प्रक्रिया अबलम्बन गर्नु पर्नेछ ।

५५. औषधिको गुणस्तर कायम राख्न बिक्रेताले व्यवस्था मिलाउनेः- (१) औषधि बिक्रेताले प्रचलित कानूनमा तोकिए बमोजिमको मापदण्ड पूरा गरी औषधीको भण्डारण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम औषधी भण्डारण र विक्रि गर्दा औषधीको गुणस्तर कायम राख्न देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछः-

(क) औषधी बिक्री कक्ष, भण्डारण कक्ष वा कोठाको तापक्रम र आर्द्रता उत्पादकले तोके बमोजिम कायम राख्ने ।

(ख) औषधी बिक्री कक्ष, भण्डारण कक्ष वा कोठा सफा सुग्घर राख्ने।

(ग) औषधी बिक्री वितरण सम्वन्धमा संहिता र औषधी सम्बन्धी प्रचलित
कानूनलाई पालना गर्नु सवै औषधी बिक्रेताको कर्तव्य हुने ।

(३) स्वास्थ्य संस्थाको फार्मेसीले प्रचलित मापदण्ड अनुसारका नियमहरूको पालना गर्नुपर्नेछ ।

५६. विक्रेताले जानकारी दिनुपर्नेः- सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले जारी गरेको प्रेस्कृप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने ब्यक्ति वा औषधि लिनआउने व्यक्तिलाई बिक्रेताले निम्नबमोजिमको जानकारी दिनुपर्नेछः-

(क) औषधिको सेवन बिधि र मात्रा,

(ख) औषधिको सेवन अबधि,

(ग) औषधिबाट हुनसक्ने सामान्य प्रतिअसर,

(घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने साबधानी,

(ङ) औषधि सुरक्षित राख्ने स्थान तथा विधि ।

५७. नगर फार्मेसी सम्बन्धी व्यवस्थाः- (१) गुणस्तरीय औषधि सही मात्रामा सही तरिकाले सही अवधिमा सुपथ मूल्यमा उपलव्ध गराउन र औषधि सम्बन्धी सही परामर्श दिई विरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउनका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत नगरपालिकाले आफ्नै फार्मेसी सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) नगर फार्मेसी सञ्चालनका लागि प्रचलित कानून र मापदण्डको अधिनमा रही नगरपालिकाले छुट्टै फार्मेसी निर्देशिका बनाउनेछ ।

(३) उप नियम (२) बमोजिमको निर्देशिका नवनेसम्मको लागि प्रचलित कानून र नेपाल सरकारको फार्मेसी निर्देशिका, २०७२ बमोजिम नगर फार्मेसी सञ्चालन हुनेछ।

५८. विपद् व्यवस्थापनः- (१) कार्यपालिकाको निर्णय अनुसार नगर प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन् कुन् क्षेत्रमा लागू हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि कार्यपालिकाको निर्णय अनुसार नगर प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद-८
## विविध

५९. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्थाः- (१) नगरपालिकाबाट संचालित र नगरपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राखी उक्त उजुरी पेटिका नियमित खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) सबै स्वास्थ्य संस्थाहरुले अनुसूची-८ बमोजिमको विरामी बडापत्र (Patient Charter) तयार गरी सवैले देख्ने गरी राख्नु पर्नेछ र सोही अनुसार सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सबै स्वास्थ्य संस्थाहरुले अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ।

(४) नगरपालिकाबाट संचालित र नगरपालिका अन्तर्गत संचालित स्वास्थ्य सेवा, सरसफाइ सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन र सो को सम्बोधनका लागि नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई गुनासो व्यवस्थापन अधिकारी तोक्न सक्नेछ।

(५) उपनियम (४) सँग सम्बन्धित गुनासो र उजुरीका सम्बन्धमा गुनासो व्यवस्थापन अधिकारीले देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(क) उपनियम (४) बमोजिमका गुनासो र उजुरीहरुको दर्ता गर्ने ।

(ख) गुनासो/उजुरीको प्रकृतिको आधारमा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई सोको सम्वोधन बारे जानकारी सम्बन्धित गुनासो/उजुरीकर्तालाई गराउनु पर्ने साथै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई समेत गराउनु पर्नेछ तर कुनै गुनासो वा उजुरीका विषयमा उजुरीकर्तालाई सनाखत गराउनु पर्ने अवस्था देखिएमा गुनासो सुन्ने अधिकारीले सो सनाखत गर्न आदेश दिई तत्काल सनाखत गर्नु पर्नेछ।

(ग) गुनासो व्यवस्थापन अधिकारीले गुनासो र उजूरीका सम्बन्धमा आवश्यकता अनुसार गुनासो/उजुरीकर्ता र सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधिबीच बार्ता गराई समस्याको समाधानका लागि सहजीकरण गर्न सक्नेछ । यसरी सहजीकरण मार्फत समाधान गरिएको गुनासो/उजुरीको सम्बन्धमा नगरपालिकालाई गुनासो व्यवस्थापन अधिकारीले लिखित जानकारी गराउनु पर्नेछ।

(घ) गुनासो सुन्ने अधिकारीको सहजीकरणमा समेत गुनासो/ उजूरीको व्यवस्थापन हुन नसकेमा सोको व्यहोरा सहित ३ दिनभित्र न्यायिक समितिमा आवश्यक कागजात समेत संलग्न राखी पठाउनु पर्नेछ ।

(ङ) न्यायिक समितिले आवश्यकता अनुसार दुवै पक्षलाई झिकाई गुनासोको व्यवस्थापन गर्नेछ ।

(६) गुनासो व्यवस्थापन अधिकारीले वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

६०. अभिलेख तथा प्रतिवेदनः- (१) नगरपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु नगरपालिकाको कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नुपर्नेछ ।

(२) तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न र खारेजका लागि सिफारिस गर्न सक्नेछ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई नगरपालिकाको कार्यालयबाट एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिने व्यवस्था गराउनु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण नगरपालिकाले तोकेको ढांचामा प्रतिवेदन पेस गर्नुपर्नेछ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्मको विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा र मृत्युको संख्याविवरण स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संघीय सरकारले तोकेको ल्यतषष्बदभि म्ष्कभबकभक का विरामी पत्ता लागेको वा शङ्का लागेको खण्डमा वा कुनै रोगको महामारीको शङ्का लागेमा तुरुन्तै नगरपालिकाको स्वास्थ्य शाखामा सूचना गर्नु पर्नेछ।

(७) नगरपालिका वा ईजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ ।

(८) स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

(९) स्वास्थ्य शाखाले आवधिक रूपमा स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

६१. सेवा शुल्क निर्धारण समितिः- स्वस्थ्य संस्थाहरुले संचालन गर्ने सेवा बापतको शुल्क निर्धारण गर्नका लागि कार्यपालिकाले उप प्रमुखको संयोजकत्वमा स्वास्थ्य क्षेत्रका विज्ञ समेत संलग्न ३ सदस्यीय सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ।

(२) समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाले शुल्क निर्धारण गर्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले सेवा शुल्क निर्धारण गर्दा अन्य कुराका अतिरिक्त संघीय र प्रदेश सरकारले निर्धारण गरेको मूल्यलाई समेत आधार मान्नेछ ।

६२. मापदण्ड तथा अनुसूचीमा हेरफेरः- नगर कार्यपालिकाले यस नियमावलीमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू स्थानीय आवश्यकता र संघीय मापदण्ड अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

६३. व्याख्या गर्ने अधिकारः- यस नियमावलीमा रहेका व्यवस्थाहरुको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

६४. प्रचलित कानून बमोजिम हुनेः- यस नियमावलीमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

६५. नियमावलीको पालनाः- यस नियमावलीको पालना गर्नु नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाको दायित्व हुनेछ।

६६. स्वतःअमान्य हुनेः- यस नियमावलीमा लेखिएका कुनै कुरा प्रचलित संघीय र प्रदेश कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ।

६७. मापदण्ड कार्यविधि बनाउन सक्नेः- यस नियमावली कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

६८. खारेजी र बचाउः- गौरादह नगर कार्यपालिकाले स्वीकृत गरेको गौरादह अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७६ र गौरादह स्वास्थ्य नियमावली, २०७६ यो नियमावली प्रारम्भ भएका मिति देखि स्वत खारेज हुनेछ र सो अनुसार भए गरेका सवै कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची—१

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

डिस्चार्ज सारांश ढाँचा

| |
|---|
| स्वास्थ्य संस्थाको नाम................<br>स्वास्थ्य संस्था डिस्चार्ज (Discharge) सारांशः- |
| विरामी परिचय पत्र नम्बरः- मितिः- |
| समस्याहरुः- |
| परिक्षण (Diagnostic) विवरणः- |
| उपचारको क्रममा भेटीएका तथ्य उपचार प्रक्रिया र पध्दतिः- |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः-<br>भर्ना भएको अवधिः-<br>भर्ना नभएकोः- |
| उपचार सम्बन्धि विवरणः- सिफारिस औषधिको नाम, मात्रा र अवधीः- |
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशनः- |
| पुनः अस्पताल (Follow Up) सम्बन्धि विवरण<br>यस उपचारमा पुनः अस्पताल आउँनु नपर्ने<br>यस उपचारमा पुनः अस्पताल आउँनु पर्ने मिति |
| अन्य आवश्यक कुराहरुः- |
| ईन्चार्जको हस्ताक्षरः- |

अनुसूची—२

नियम ४० को उपनियम (१)सँग सम्बन्धित

<u>पूर्वाधार स्वीकृतिको मनसाय पत्रको लागि निवेदन फाराम</u>

श्री ..........................................................................

.............................................................. ।

निम्नानुसार प्रस्तावित अस्पताल र स्वास्थ्य संस्थाको संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फारम पेस गरेका छु \ छौं ।

..................................

संचालक समितिको तर्फबाट

१. अस्पताल र स्वास्थ्य संस्थाको नामः-

शैया संख्याः-

२. साधारण सेवा र विशेषज्ञ सेवा अस्पताल वा कस्तो स्वास्थ्य संस्था हो उल्लेख गर्नेः-

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना)-

जिल्लाः- गौरादह नगरपालिका वडा नं.- टोलः-

ब्लक नः- टेलिफोनः- मोबाइलः- ईमेलः-

४. स्वास्थ्य संस्था र अस्पताल खोल्न व्यक्तिहरु (५ प्रतिशतभन्दा बढी शेयर धारण गर्नेहरुको मात्र)-

नामः-

ठेगानाः-

नागरिकता नं.-

मोबाइल नं.-

फोन नं.- ईमेलः-

५. स्वास्थ्य संस्थाका लागि आवस्यक जग्गा र स्वामित्वको अवस्था

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः-

(ख) लिजमा भए कबुलियतनामा पेस गर्ने"-

६. स्वास्थ्य संस्था र अस्पतालको वित्तीय स्रोतः-

(क) निजी लगानी (ख) बैंक कर्जा

(ग) सरकारी (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोको विवरण

(च) अन्य वित्तीय लगानीः- (स्थीर पूँजीलागत) रु. ....................

(क) भवन तथा जग्गाका लागिः- रु. ....................

(ख) औजार उपकरणका लागिः- रु. ....................

वित्तीय लगानीः- (चल पूँजी लागत) रु. ..................

रोजगार संख्याः-

अनुमानित आम्दानीः रु. .............. अनुमानित मुनाफाः- .............

मासिकः- रु. ........... त्रैमासिकः- रु. .......... बार्षिकः- रु. ...............

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क) स्वीकृत संस्थाबाट प्रदान गन सेवाहरूका विवरणः-

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स—रे<br>अल्ट्रासाउण्ड<br>इन्डोस्कोपी<br>इसीजी, ट्रेडमिल<br>प्रयोगशाला<br>............... | खोप<br>गर्भवती, सुत्केरी जाँच<br>परिवार नियोजन<br>..................... | प्रसूतितथा स्त्री रोग<br>जनरल मेडिसिन<br>जनरल सर्जिकल<br>विशेषज्ञ सेवाः- जस्तै (प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक<br>........... |

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने)-

(१) ..................................................................................

(२) ..................................................................................

(३) ..................................................................................

(४) .................................................................................

(ग) संस्थामा सेवा पु¥याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने)-

(१) विशेषज्ञः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

(२) प्राविधिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

(३) प्रशासनिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \फुल टाइमः-

नोटः-

(१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषद्मा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषद्को प्रमाण पत्र अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ ।

अनुसूची—३

नियम ४१ को उपनियम (१) सँग सम्बन्धित

स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको इजाजतपत्रका लागि दिईने निवेदन फारम

१. स्वास्थ्य संस्थाको नामः-
२. शैया संख्या (भएमा खुलाउने) -
३.साधारण सेवा र विशेषज्ञ सेवा स्वास्थ्य संस्था र अस्पताल कुन हो उल्लेख गर्नेः-
४. संस्थाका ठेगाना (पत्राचार गर्ने ठेगाना)-
जिल्लाः- गाउ\नगरपालिकाः- वडा नं.- टोलः-
व्लक नं.- टेलिफोन न.- ईमेलः-
५. संस्था सञ्चालन गर्ने व्यक्तिहरुः-
नामः-
नागरिकता नं.-
ठेगानाः-
फोन नं.-
मोबाइल नं.-
(आवश्यकता अनुसार थप गर्ने)
६. संस्थाको वित्तीय स्रोतः-
क. निजीः-
ख. शेयर कर्जाः-
ग. सरकारीः-
घ. गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्नेः-
ङ. अन्य भए खुलाउनेः-
वित्तीय लगानीः- (लागत) रु.
क. भवन तथा जग्गाका लागि रु.-
औजार उपकरणको लागि रु. -
जनशक्तिको लागि रु.-
अनुमानित आम्दानी रु. -
सम्पत्तिको स्रोत (खुलाउने) -

अनुमानित मुनाफा रु.- मासिकः- त्रैमासिकः- बार्षिकः-

७. अस्पताल, नर्सिङ्ग होम, वा अन्य स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरणः-

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य |
|---|---|---|---|
| एक्स—रे<br>अल्ट्रासाउण्ड<br>इन्डोस्कोपी<br>इसीजी, ट्रेडमिल<br>प्रयोगशाला<br>................... | खोप<br>गर्भवती,<br>सुत्केरी जाँच<br>परिवार नियोजन<br>................... | प्रसूति तथा स्त्री रोग जनरल मेडिसिन जनरल सर्जिकल विशेषज्ञ सेवाः- जस्तै — प्रसूति सेवा, मृगौला रोग, स्नायु, दन्त, हाडजोर्नी, इण्डोस्कोपी | एम.सी.एच. क्लिनिक, परिवार नियोजन<br>..................... |

८. संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने)-

(१) ...........................................................................

(२) ..........................................................................

(३) ...........................................................................

(४) ..........................................................................

९. संस्थामा सेवा पु¥याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने) -

(क) विशेषज्ञः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइम”-

(ख) प्राविधिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

(ग) प्रशासनिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

नोटः-

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्नपईनेछ ।

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरु संस्थामा संलग्न हुने हो स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(३) सबै सेवाहरूको शुल्कबिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषद्को प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने ।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्नहुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनु पर्नेछ ।

नोटः- स्वास्थ्य संस्था संचालनका लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरुः

१. निवेदन फारम

२. कम्पनी दर्ता र संस्था दर्ताको प्रतिलपि

३. संस्था र कम्पनीको विधान र प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि

४. मूल्य अभिबृद्धि कर वा स्थायी लेखादर्ता प्रमाण—पत्रको प्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुको सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम र फुल टाइम किटान गर्नुपर्ने)

(च) मञ्जुरीनामा र कबुलियतनामा

७. औजार उपकरणको बिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्कबिवरण खुलेको कागजात

९. भौतिक सामग्रीको बिवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIE ) स्वीकृतिपत्रका प्रतिलिपी (लागू हुने अवस्थामामात्रै)

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्कको विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाको विवरण

१५. जग्गा र घरको स्वामित्व

१६. घर र कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता—पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्ने राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धी सिफारिस पत्र

१७. भवनको स्वीकृत नक्सा

१८.संस्थाको चलअचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९. संस्थाको कार्य योजना Scheme

२०. कर चुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै)

२१. लेखापरीक्षण प्रतिवेदन (लागू हुने अवस्थामा मात्रै)

२२. बिरामी बडापत्रको नमूना

२३. सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृतिपत्र

२४. भवननिर्माण सम्पन्न प्रमाणपत्र

२५. सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भएको स्वीकृति पत्र।

अनुसूची–४
नियम ४१ को उपनियम (२) सँग सम्बन्धित

स्वास्थ्य क्लिनिक, प्रयोगशाला, रेडियोईमेजिङ सेवा तथा पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फारम

१. संस्थाको नामः-

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):-

जिल्लाः- गाउँपालिका \ नगरपालिकाः- वडा नं.- ब्लक नं.-

टेलिफोन नं.- मोवाईल नं.- पो.व.नं.- इमेलः-

३. संस्था खोल्ने व्यक्तिहरुः-

नामः- नागरिकता नं.- ठेगानाः-

फोन नं.- मोवाइल नं.- इमेलः-

४. संस्थाको वित्तीय स्रोतः-

क. निजीः- ख. शेयर कर्जाः- ग. वैदेशिकः-

घ. गैर सरकारीः- ङ. सामुदायिकः- च. अन्यः-

५. संस्थाको क्षमता तथा बिस्तृत कार्य योजनाः-

सेवा प्रदान गर्ने क्षेत्रहरुः-

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स–रे<br>इण्डोस्कोपी<br>इसीजी,<br>ट्रेडमिल प्रयोगशाला<br>फार्मेसी | खोप<br>एम.सी.एच.<br>परिवार नियोजन<br>गर्भवती, सुत्केरी जाँच<br>परिवार नियोजन | प्रसूतितथा स्त्री रोग<br>अल्ट्रासाउण्ड<br>जनरल मेडिसिन<br>जनरल सर्जिकल<br>विशेषज्ञ सेवाः- जस्तै –<br>आँखा, नाक, मुटु, मृगौला रोग, स्नायु आदि |

६. सेवा शुल्क (अलग र स्पष्टसँग) खुलाउने

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोतः-

८. संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने)-

(क) विशेषज्ञः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

(ख) प्राविधिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम \ फुल टाइमः-

(ग) प्रशासनिकः-

नामः- पदः- योग्यताः-

पार्ट टाइम\फुल टाइमः-

नोटः-

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ।

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरु संस्थामा संलग्न हुन हो, स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(३) सबै सेवाहरूको शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्नहुन भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ ।

अनुसूची–५

नियम ४३ को सँग सम्बन्धित

स्वास्थ्य संचालन सञ्चालन इजाजत–पत्रको ढाँचा

इजाजत पत्र नं.

श्री..........................

..............................

स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतपत्रको लागि मिति .......................... मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा त्यस ................. संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति.............................. मा निर्णय भएकोले .........नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७६ को दफा............. र नियमावलीको नियम........ तथा देहायका शर्तहरूको अधिनमा रही....... नगरपालिका वडा नं. ........मा .......शैया क्षमताको .......................... (अस्पताल \ स्वास्थ्य संस्था) सञ्चालन गर्न नियमावलीको नियम...... को उपनियम....बमोजिम यो इजाजतपत्र दिईएको छ ।

१. स्वास्थ्य संस्थाले प्रदान गर्नुपर्ने सेवाहरू:-

२. इजाजत पत्र कायम रहने अवधिः

<u>इजाजत दिने अधिकारी</u>

दस्तखतः

नामः

दर्जाः

मितिः

(इजाजत पत्रको पृष्ठभागमा लेखिने)

इजाजत प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्तहरूः

१. स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्बन्धमा स्वःमूल्यांकन गरी गुणस्तर सुधार गर्दै जानुपर्नेछ ।

२. नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नुपर्नेछ ।

३. नगरपालिकाले जारी गरेका नीति तथा कार्यक्रम लागू गर्नुपर्नेछ ।

४. नगरपालिकाले  समय समयमा तोकेका अन्य शर्तहरू पालना गर्नुपर्नेछ ।

इजाज्त पत्रको पछाडी नविकरण विवरण उल्लेख गर्ने

(इजाजतपत्रको नवीकरण विवरण)

स्वास्थ्य संस्थाको नाम र ठेगानाः- ....................................

| नवीकरण मिति | बहाल रहने मिति | नविकरण \ जरिवाना दस्तुर र रसिद नं. | नवीकरण गर्ने अधिकारीको नाम र पद | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची–६
### नियम ४३ को सँग सम्बन्धित
### स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

| क्र.स. | संस्थाका किसिम | शुल्क निर्धारण इकाई | स्थापनाका लागि दस्तुर रकम रू | नविकरणका लागि दस्तुर रकम रू. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ होम | शैया संख्या | प्रति शैया रू. ४००० | प्रति शैया रू. ५०० |
| २ | डायग्नोस्टिक सेन्टर | सेवाको प्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |
| ३ | पोलिक्लिनिक र क्लिनिक | सेवा प्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |
| ४ | आयुर्वेद अस्पताल र वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रू. २००० | प्रति शैया रू. १००० |
| ५ | आयुर्वेद क्लिनिक | सेवा प्रकार | प्रति सेवा रू. ५००० | प्रति सेवा रू. ५०० |

नोटः नगरपालिकाले तोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लिखित दस्तुरमा निश्चित प्रतिशत छुट दिन सक्नेछ ।

अनुसूची ७

नवीकरणको लागि दिइने निवेदनको ढाँचा

(नियम ४४ को उपनियम २ सँग सम्बन्धित)

श्री ..............................

..........................

विषयः- इजाजतपत्र नवीकरण सम्बन्धमा ।

.................... नगरपालिकाबाट मिति .................... मा प्रदान गरिएको यस............. (स्वास्थ्य संस्था) को इजाजत पत्रको अबधि मिति .......................... मा समाप्त हुने भएको हुँदा इजाजतपत्र नविकरण गराउनको लागि देहाय बमोजिमका कागजात संलग्न गरी गौरादह नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नियमावली २०७९ को नियम ............... बमोजिम यो निवेदन पेस गरेको छु \ छौं ।

संलग्न कागजात विवरणः-

१. संस्थाको इजाजतपत्र र पछिल्लो आर्थिक बर्षको कर चुत्ताको प्रमाणपत्र,
२. पछिल्लो आर्थिक बर्षको व्यावसाय कर चुत्ताको प्रमाण,
३. नियम ......... बमोजिम स्वःमूल्याङ्कन प्रतिवेदन नियमित रूपमा शाखामा पेश गरेको प्रमाण,
४. नियम .......... बमोजिमका मापदण्ड कायम गरेको स्वघोषणा

संस्थाको छाप

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको

दस्तखतः-

पूरा नामः-

पदः-

मितिः-

अनुसूची–८

नियम ५९ को उपनियम (२) सँग सम्बन्धित

स्वास्थ्य संस्थाबाट प्रदान गरिने विरामी सेवाको वडापत्रको ढाँचा

| क्र. स. | शाखा \ इकाइ | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**आज्ञाले**
**राजेन्द्र भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**